2007 Aug-9, Thursday

# चिकित्सक उत्पादनमा ख्याति कमाएको फिलिपिन्स

ब्यक्ति र ब्यक्तित्व विकासमा प्रत्येक्ष सरोकार राख्ने शैक्षिक क्षेत्रमा अहिले दिन प्रतिदिन नयाँ-नयाँ परिर्वतन हुन थालेका छन्। शैक्षिक क्षेत्रजस्तो अत्यन्तै संवेदनशिल क्षेत्रमा यति छोटो अवधिमा नै व्यापक रुपमा भएको परिर्वतनलाई सकरात्मक रुपमा लिनु पर्दछ। जुन रुपमा शिक्षा क्षेत्रमा विकास भएको छ त्यसको अनुपातमा शिक्षा क्षेत्रकै अर्को अभिन्न अङ्ग चिकित्सा शास्त्रमा विकास हुन सकिरहेको छैन्।

बास्तबमा नेपालमा वि.सं. २०४६ सालको परिर्वतन पश्चात् प्रतिस्पर्धाको धारणा अघि आउन थालेको हो। २०४६ सालको परिवर्तन सँगै नेपालमा त्रिभुवन विश्वविद्यालयको अलवा अन्य विश्वविद्यालयमा पनि खुल्न लागे। काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, सिद्धार्थ विश्वविद्यालयलगायतका विश्वविद्यालय संचालनमा आइसकेका छन्। त्रिभुवन विश्वविद्यालयलगायत यी नै विश्वविद्यालय मातहतका १२ वटा चिकित्सा शास्त्र अध्ययन संस्थान र चारवटा दन्त चिकित्सा शास्त्र अध्ययन संस्थानले मात्र स्वीकृति पाएका छन्। त्रिभुवन विश्वविद्यालय र मातहतका संस्थानबाट वर्षेनी ३ सय ७०, काठमाडौं विश्वविद्यालय र माहतहका बाट ७ सय ५, वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट १ सय जना, तीनदन्त चिकित्सा अध्ययन संस्थानबाट १ सय १० जना र वी.पी. कोइरालाबाट ४० जना गरी नेपालमा वर्षेनी करिब १३ सय २५ जना विद्यार्थीले मात्र एमबीबीएस (MBBS) अध्ययन गर्ने मौका पाउँदछन्। त्यसमा पनि कतिपय कलेजमा नेपाली भन्दा भारतीय विद्याथीहरुको संख्या बढी छ। हो, नेपालमा रहेको यही समस्यालाई न्यूनिकरण गर्नको लागि विश्वचिकित्सा शासात्रमा ख्याति कमाइसकेको एसियाली मुलुक फिलिपिन्सले डाक्टर बन्ने सपना लिएर बसेको हजारौं विद्यार्थीलाई आशाको नयाँ किरणको प्रार्दुभाव गरेको छ। त्यो हो नेपालका हरेक कुनामा रहेका विद्यार्थीलाई न्यून लगानीमा फिलिपिन्सका विश्वविख्यात विश्वविद्यालयमा पढ्ने अवसरको सिर्जना गरेको छ। नेपालको सन्दर्भमा भन्नुपर्दा एमबीबीएस पढ्नको लागि अनुमानित २०-२४ लाख खर्च लाग्ने गर्दछ भने चिकित्सा शास्त्रमा एसियाको नै 'केन्द्रविन्दू' बनेको फिलिपिन्समा तुलनात्मक रुपमा पनि लगभग १६-२० लाखमात्र रकम लाग्ने गर्दछ।

विभिन्न साँस्कृतिक धरोहरले सजियको विविधतामा एकता भएको मुलुक फिलिपिन्समा अध्ययन गर्न पाउनु नेपाली विद्यार्थीका लागि एउटा खुसीको खबर हो। फिलिपिन्सको आफ्नो छुट्टै पहिचान रहेको छ। सन् १९४६ सालमा स्वतन्त्र भएको यस राज्यमा 'फिलिप्नो र अंग्रेजी' गरी दुईवटा भाषा भएता पनि अंग्रेजी बोलिचाली गरिन्छ। यसको राजधानी मनिला हो। नेपालको हावापानीसंग मिल्दोजुल्दो रहेको यहाँका हावापानीमा अक्टुबरदेखि फ्रेब्रोअरीसम्म हल्का चिसो हुने गर्दछ।

**० प्रवेश :** सम्पूर्ण एसियामा नै ख्याति कमाइसकेको फिलिपिन्समा एमबीबीएस अध्ययन गर्नका लागि नेपालका विद्यार्थीले काठमाडौंको काठमाडौं प्लाजामा रहेको 'एचसिएमआई' (HCMI) को कार्यालयमा सम्पर्क राख्नुपर्ने छ। विश्वमा दिनप्रतिदिन तीव्ररुपमा प्रतिस्पर्धा बढ्न थालेको छ।

**प्रोफाइल**




Yes, You can be a doctor !

समय र नेपाली विद्यार्थीले एमबीबीएस पढ्न नपाएको दुःखलाई मध्येनजर गर्दै फिलिपिन्सले नेपाली विद्यार्थीलाई एमबीबीएस पढ्न पाउने अवसरको सिर्जना गरेको छ। अब प्रत्येक नेपाली विद्यार्थीले फिलिपिन्सका विश्वविख्यात विश्वविद्यालयमा अध्ययन गर्नको लागि १६-२० लाखसम्म मात्र रकम खर्च हुनेछ। जब कि नेपालमा नै एमबीबीएस गर्नुपर्दा पनि २०-२४ लाख ट्यूसन फिमात्र खर्च लाग्ने गर्दछ। यति सम्म कि फिलिपिन्सले नेपाली विद्यार्थीको हितलाई ध्यान राखि विशेष छात्रवृत्तिको व्यवस्था गरेको छ। एमबीबीएस उत्तिर्ण विद्यार्थीलाई विश्वभरि नै जागिरका समेत अवसर रहेको फिलिपिन्समा नेपालका अलवा चीन, पाकिस्तान, भारत, बंगलादेशबाट समेत ठूलो मात्रामा विद्यार्थी सहभागिता रहेको छ। भारतीय विद्याथीहरुको आकर्षक केन्द्र रहेको र चीनजस्तो सर्वशक्तिमान राष्ट्रबाट वर्षेनी ३० प्रतिशत विद्यार्थी फिलिपिन्स अध्ययन गर्नको लागि जाने गर्दछन्।

**० फिलिपिन्समा शिक्षा :** पूर्णरुपमा अंग्रेजी भाष बोलीचाली रहेको

र सोही माध्यमबाट अध्यापन गराइने फिलिपिन्समा चिकित्सा शास्त्रका विश्वविद्यालयहरू अत्याधिकरुपमा रहेका छन्। युरोप, अमेरिका र एसियाका लाखौं विद्यार्थी अध्ययन गर्ने केन्द्रको रुपमा स्थापित भइसकेको फिलिपिन्समा दक्ष र अनुभवि प्राफेसरद्वारा अध्यापन गराइन्छ। विश्वमा नै अंग्रेजीको माध्यम पढाइ हुने

तेस्रो नम्बरमा आउने यस देशमा अनुमानित ९८ प्रतिशत जनता शिक्षित रहेका छन्। अहिले विश्वका ७० भन्दा बढी मुलुकका हजारौं विद्यार्थीहरू यहाँ एमबीबीएस अध्ययन गरिरहेका छन्। यहाँका विश्वविद्यालयबाट अध्ययन गरेको सर्टिफिकेटले विश्वभरी मान्यता पाउँदै आएको छ भने तुलनात्मक फाइदा र चिकित्सा शास्त्रको भविष्यको बारेमा पाठ्यक्रम विकास गर्दै लाने, एसियाको केन्द्रविन्दु बनाउने फिलिपिन्सले लक्ष्य राखेको छ। धेरै अभिभावकले विश्वास गरिसेकेका छन्। चिकित्सा शास्त्रको लागि फिलिपिन्स एउटा सही मार्गनिर्देश सावित हुनेछ। प्राप्त स्तरीयता र गुणस्तरीय शिक्षाले फिलिपिन्सलाई धेरै मुलुकले विश्वास गरिसकेका छन्। फिलिपिन्सको आधिकारिक प्रतिनिधि हेल्थ कियर म्यानेजमेण्ट इन्टरनेशनल (एचसिएमआई) ले फिलिपिन्स पढ्न जाने नेपाली विद्यार्थीको लागि व्यवस्था मिलाउदै आएको छ। फिलिपिन्सको चिकित्सा शास्त्र अध्ययनको अर्को फाइदा विश्व स्तरको शैक्षिक गुणस्तरको साथमा उच्च प्रविधि मेशिन र प्रयोगात्मक शिक्षण विधिको कारण पनि दक्ष चिकित्सक उत्पादनमा प्रमुख भूमिका रहेको छ।

आज भन्दा करिब दुई दशक अगाडिदेखि अमेरिकाबाट शुरु गरेको एचसिएमआईले आज सम्म आइपुग्दा आफूलाई धेरै परिवर्तन गरिसकेको छ। विश्वका विभिन्न मुलुकमा ख्याति कमाइसकेको छ भने लाखौं विद्यार्थीको मन जित्न सफल भएको छ। एचसिएमआईका प्रेसिडेन्ट वलजित सिंह ले आफ्नो संस्था कुनै कन्सलटेन्सी नभएको प्रष्ट पारिसकेका छन्। नेपालमा चिकित्सा शास्त्र अध्यापन गराउने पर्याप्त उपकरणको अभाव, दक्ष जनशक्ति र गुणस्तरीय पठनपाठनको लागि कुनै कदम चालेको पाइँदैन। यस्तो अवस्थामा फिलिपिन्स एउटा महत्वपूर्ण विकल्प सावित हुनसक्छ। यसका लागि अन्तर्राष्ट्रिय स्तरमा ख्याति कमाइसेकेका विश्वविख्यात विश्वविद्यालयहरू University of Northern Philippines, Cagayan state University, Fatima University, Emilio A guinald College, Davo Medical School Foundation, University of the East Ramon Magsaysay Memorial Medical Centre, PATTS College of Aeronautics, PMMA–Philippin Merchant Marine Academy, Tarlac State University, Cavite State University लगायतका विश्वविद्यालयमा अध्ययन गर्न पाउने छन्।